# उर्लाबारी नगरपालिकाको

## आर्थिक वर्ष २०८३।०८४ को

## नीति तथा कार्यक्रम

उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

उर्लाबारी, मोरङ

*मिति २०८३ साल जेठ २१ गते बिहीबार, रोज ५, शुभम्*

# उर्लाबारी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनमा

नगर उप-प्रमुख श्री मीना कुमारी खतिवडाद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३।०८४ को

# नीति तथा कार्यक्रम

उर्लाबारी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनको यस बैठकमा उपस्थित नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु तथा संचारकर्मी मित्रहरु, साथै नगरबासी सबैलाई हार्दिक स्वागत एवम् न्यानो अभिवादन व्यक्त गर्दछु ।

यस गरिमामय सभामा सम्बोधन गरिरहदा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका विभन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

उर्लाबारी नगरपालिकाको नगर सभाको चौधौ अधिवेशनबाट पारित आ.व २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । विगतका आ.व को अनुभव, उपलब्धी र सिकाइलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा मुख्य आधारको रुपमा ग्रहण गरिएको कुरा सबैमा अनुरोध गर्न चाहन्छु ।

***सभाका सदस्यज्यूहरु,***

चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको थालनीको चरणमा रहदाकै अवस्थामा भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा उर्लाबारी नगरपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भएको आगजानी तथा भौतिक क्षतिको कारणबाट कार्यालयको स्रोत साधनमा प्रभाव परेको भएता पनि नगरपालिकाको मौजुदा स्रोत साधनको उच्चतम उपयोग र दाताहरुको सहयोगमा पूननिर्माण गरी आफ्नै

कार्यालय भवनबाट सेवा प्रवाह गर्न सक्षम भएको विषयलाई समेत एक पटक यहाँहरुलाई स्मरण गराउन चाहन्छु । साथै अन्तराष्ट्रिय स्तरमा भएको राजनीतिक तनाबका कारण इन्धन र अन्य कच्चा पदार्थहरुको अभाव र अप्रत्यासित मूल्यबृद्धिले मुख्यतया भौतिक निर्माणको कार्य केही प्रभावित भएको विषयलाई पनि अवगत गराउन चाहन्छु । यसका बावजुद पनि चालु आ.व.को वार्षिक नीति, कार्यक्रम तथा बजेटको लक्ष्य प्राप्ति हुने गरी कार्यक्रम कार्यान्वयन भईरहेको विषय समेत जानकारी गराउँदछु । यसै सन्दर्भमा अब म यस गरिमामय सभामा चालु आ.व २०८२।०८३ मा हालसम्मको नीति तथा कार्यक्रमको संक्षिप्तरुपमा प्रगति समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भौतिक पूर्वाधार तर्फः**

ठूला तथा दिर्घकालिन महत्वका योजना/कार्यक्रमहरुलाई प्राथमिकता दिने नीति बमोजिम खानेपानी मार्ग सडक कालोपत्रेको निर्माण कार्य सम्पन्न भएको साथै नगर विकास कोषको ऋण तथा अनुदान साझेदारीमा उर्लाबारी बसपार्क निर्माण, लामाटोली-भोटेपुल-डाँडा टोल-आम्बारी सडक निर्माण, भद्रमारी सडक निर्माण, उर्लाबारी-६ मा रहेको कवर्डहल निर्माणको अधुरो कार्य, सालबारी खेल मैदानको स्तरोन्नति, बेतिनी सिमसारमा सभाहल निर्माण, उर्लाबारी-५ मा रहेको पुष्पनगरी सौन्दर्यीकरण, विशेष अनुदान मार्फत सामुदायिक विद्यालयहरुको भौतिक निर्माणको कार्य भईरहेको, वडा नं ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न हुने चरणमा रहेको, उपभोक्ता समितिको ४० प्रतिशतको लागत साझेदारीमा सञ्चालन हुने योजनाहरु मध्येका केही योजनाहरु निर्माण सम्पन्न भएका छन् भने ठेक्का प्रकृया मार्फत संचालित योजनाहरुको निर्माण कार्य भईरहेको छ । उर्लाबारी-२ देवीझोडा देखि सुविधाझोडा जोड्ने तेली खोलामा तथा त्रिवेणी चोक देखि बासेचौरी जाने पक्की पुल निर्माणको कार्य सम्पन्न हुने चरणमा रहेको छ । चालु आ.व. मा भौतिक पूर्वाधार तर्फ १८६६ मिटर सडक कालोपत्रे, १५२१ मिटर पेभिङ ब्लक निर्माण, २६६ मिटर ड्रेन निर्माण, २७६२ मिटर

साइडवाल, ३७५८ मिटर सडक ग्राभेल, ७ वटा पुल/कल्भर्ट निर्माण तथा १४ वटा भवन संरचनाहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।

**<u>सुशासन तथा संस्थागत विकास तर्फः</u>**

नगरपालिका र वडा कार्यालयबाट जारी हुने सूचना नागरिक समक्ष सहज पहुँच पुर्याउन सामाजिक सञ्जालको प्रयोग, नियमित वेबसाईट अपडेट, स्थानीय सञ्चार माध्यमको सहकार्यमा लोककल्याणकारी जानकारी तथा सूचना प्रकाशन गरिदै आएको छ । अफिस अटोमेशनलाई थप परिष्कृत बनाई सेवा प्रवाहलाई डिजिटल प्रणालीमा र सोको अभिलेख डिजिटल व्यवस्थापन गर्दै आएको छ । महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदनमा तोकेका बेरुजु मध्ये चालु आ.व. मा रु. ३ करोड ९ लाख ५० हजार ५ सय ६३ को बेरुजु फछ्र्यौट गरिएको छ ।

**<u>राजश्व तथा आन्तरिक स्रोत परिचालन तर्फः</u>**

"म तिर्छु कर बनाउछु उर्लाबारी नगर" अभियान सञ्चालन गरी कर साक्षरता र सचेतना अभियान सञ्चालन गरिएको जसको उपलब्धी स्वरुप नयाँ दर्ता र बक्यौता तिर्ने करदाताको संख्या बढेको । नगर कार्यपालिकाको कार्यालय र सम्पूर्ण वडामा डिजिटल डिस्प्ले जडान गरी करदाताले आफै कर निर्धारण गरेको हेर्न सक्ने र QR मार्फत भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको ।

**<u>कृषि विकास तर्फः</u>**

कृषिमा यान्त्रिकरण प्रवर्धन गर्ने नीति अनुरुप कम्बाइन ट्र्याक हार्वेष्टर, बेलर, कम्बाइन ट्रलि र ट्र्याक्टर खरिद भई लक्षित किसानलाई हस्तान्तरण गरिएको छ । बगर खेती कार्यक्रम अन्तरगत २२ विगाहा क्षेत्रफलमा खरभुजा खेती भएको छ । ३२० हेक्टर जमिनमा चैतेधान खेती संचालन गरिएको, माटो परिक्षणका लागि रिएजेन्ट खरिद, शुन्य खनजोतबाट मकै खेती, मकैवाली पकेट कार्यक्रम, उन्नत विउ

विजन वितरण, मकै छोडाउने मेशिन वितरण, कृषि उत्पादनको हानीकारक किरा नियन्त्रण कार्यक्रम संचालन गरिएको छ ।

**पशुपंक्षी विकास तर्फः**

पशुपंक्षी स्वास्थ्य उपचार सेवा, रोग निरोधक खोप कार्यक्रम, कृतिम गर्भधान नश्ल सुधार, पशु आहार विकास कार्यक्रम, जुनोटिक रोग न्यूनीकरणका लागि सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण शिविर, व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम, पशुजन्य उत्पादनहरुको बजारीकरण तथा गुणस्तर नियन्त्रणको कार्य गरिएको साथै स्वच्छ र गुणस्तरीय मासुजन्य पदार्थको विक्रि वितरणको सुनिश्चितताका लागि मासु पसल तथा फ्रेस हाउस संचालन सम्बन्धी मापदण्ड स्वीकृत गरी सोको कार्यान्वयन भई रहेको छ । महामारीको रुपमा फैलिएको वर्डफ्लु रोग नगरपालिका, सरोकारवाला निकाय र व्यवसायीको सहकार्यमा नियन्त्रणका कार्य गरिएको छ ।

**शिक्षा, युवा तथा खेलकुद तर्फः**

विद्यालयहरुको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, शिक्षकको नियमितता, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन, निकासा भएका अनुदान रकमको कार्यान्वयनको अवस्था, सेनेटरी प्याड र यसको प्रयोग, विद्यार्थी संख्याको अवस्था, आई.ई.एम.आई.एस. (IEMIS) मा प्रविष्टि गरिएको शैक्षिक तथा भौतिक विवरण लगायतका पक्षहरुको अनुगमन तथा निरीक्षण कार्य निरन्तर भई रहेको छ, चालु आ.व. का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न हरेक विद्यालयहरुसँग समन्वय गरी कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरिएको, बालविकास केन्द्रलाई सबलिकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन/सुपरिवेक्षण गरी आवश्यकताको विश्लेषण गरी आवश्यकतामा आधारित सामग्री खरिद गरी वितरण गरिएको, विद्यालयमा रिक्त भएका शिक्षक तथा कर्मचारीहरुको रिक्त दरबन्दीमा अस्थायी/करार पदपुर्ति नियमित रुपमा गर्रिदै आइएको, विद्यालय सञ्चालन अनुदान लगायतका निकासा विद्यालयलाई उपलब्ध गराइएको, स्वयम् सेवक शिक्षकको कार्यविधि निर्माण गरी

नियुक्तिको प्रक्रिया अघि बढाइएको साथै शैक्षिक क्यालेण्डरमा उल्लेख भए बमोजिमका कार्यक्रमहरुलाई कार्य योजना अनुरुप सञ्चालनमा ल्याइएको छ ।

**<u>महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता रोकथाम तथा लघु उध्यम कार्यक्रम तर्फः</u>**

लक्षित महिलाहरुका लागि ढाका बुनाई, सिलाइ कटाइ, ब्यटी पार्लर तालिम, अनुशिक्षण तालिम संचालन गरिएको, महिलाहरुका लागि मनोविमर्श सेवा प्रदान गरिएको, मानसिक समस्या भएका ३ जना महिलाहरुलाई सुरक्षित आवास गृहमा व्यवस्थापन गरिएको । बालमैत्री नगरपालिका घोषणा गर्ने कार्य प्राथमिकताका साथ अगाडी बढाइएको छ, किशोरी तथा महिलामैत्री स्थान सेफ स्पेस (Safe Space) को निर्माण गरिएको छ । अपाङ्गता रोकथाम तथा पुनःस्थापना गर्न १३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई उपचार सहायता, २२ जनालाई मौरीपालन तालिम, १८ जनालाई वचत तथा ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम प्रदान गरिएको । उद्यमशिलता प्रवर्द्धन गर्न २१ जनालाई उद्यम विकास तालिम र प्राविधिक सीप विकास तालिम अन्तरगत २० जनालाई ढाका बुन्ने तालिम प्रदान गरिएको ।

**<u>सामाजिक सुरक्षा तर्फः</u>**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ७ हजार ८३ जनाको सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गरिएको, तेस्रो त्रैमासिक अवधिसम्ममा ७ हजार २ सय लाभग्राहीहरुलाई २२ करोड २६ लाख रुपैया सामाजिक सुरक्षा भत्ता वापत लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराइएको । सामाजिक सुरक्षा भत्ताको दर्ता र नवीकरण गर्ने प्रयोजनका लागि ७ वटा फिङ्गर प्रिन्ट बायोमेट्रिक डिभाइस र १ वटा आइरिस डिभाइस (IRIS Device) खरिद गरी संचालनमा ल्याइएको छ ।

## जनस्वास्थ्य तर्फः

आर्थिक वर्ष २०८२/०८३ मा उर्लाबारी नगरपालिकाले आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ तथा निःशुल्क बनाउने नीति अनुरूप आवश्यक औषधि, स्वास्थ्य सामग्री, उपकरण, प्रयोगशाला सेवा तथा आयुर्वेद सेवाको प्रभावकारी व्यवस्थापन गरिएको छ । यस अवधिमा विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० बमोजिम मुटुरोग, मृगौला रोग, क्यान्सर लगायत ८ वटा कडा रोगबाट प्रभावित ९६ जना बिरामीहरूलाई उपचार सहुलियतका लागि सिफारिस गरिएको छ । स्वास्थ्य सम्बन्धी उपचार सहायता कार्यविधि, २०७९ अनुसार ३० जना विपन्न नागरिकहरूलाई उपचारका लागि कुल ४ लाख ६९ हजार ४ सय ६० रुपैया उपचार सहायता उपलब्ध गराइएको छ । मृगौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका १९७ जना बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु. पाँच हजारका दरले कुल रु. ८६ लाख ४५ हजार उपलब्ध गराइएको छ । विद्यालय केन्द्रित खोप कार्यक्रम मार्फत ७९६ जना छात्रा तथा किशोरीलाई एच.पी.भी. खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सरको रोकथाममा योगदान पुर्‍याइएको छ । साथै ग्रामीण अल्ट्रासाउण्ड घुम्ती शिविर मार्फत ४६४ जना गर्भवती महिलाहरूलाई गर्भ परीक्षण सेवा प्रदान गरी जोखिमयुक्त गर्भावस्थाको समयमै पहिचान, परामर्श तथा रेफरल सेवामा सहयोग पुर्‍याइएको छ । नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवाबाट १६० जनालाई सेवा प्रदान गरिएकोमा ८५ जना विपन्न बिरामीलाई निःशुल्क सेवा उपलब्ध गराइएको छ भने शववाहन सेवा प्राप्त गरेका २०२ जनामध्ये १६२ जना विपन्नलाई पूर्ण छुट प्रदान गरिएको छ ।

## वन, वातावरण तथा विपद् तर्फः

सामुदायिक वनसंग पर्यापर्यटन साझेदारी कार्यक्रम अन्तरगत बेतिनी, सालबारी तथा सुनझोडा सामुदायिक वनमा पर्यटन पूर्वाधार निर्माण गरिएको छ । २४ सै घन्टा

सञ्चालनमा रहेको आपतकालिन सेवा संचालन केन्द्र मार्फत दमकल, एम्बुलेन्स, शव बहान सेवा प्रदान साथै विपद् पछिको राहत वितरण कार्य समेत गरिदै आइएको छ ।

**रोजगार सेवा केन्द्र तर्फः**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत ४२ जना श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको, २९३ जना व्यक्तिहरुलाई पुनःश्रम स्वीकृति पत्र दिइएको, वैंदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैंदेशिक रोजगार बोर्डवाट प्राप्त हुने मृत्यु पछिको क्षतिपुर्ति रकम ९ जना व्यक्तिका लागि सहजिकरण, सम्बन्धित देशबाट घरसम्म निशुल्क शव ढुवानी ९ जना, ३ जना व्यक्तिलाई पारिवारिक स्वास्थ्य उपचारको लागि सहजिकरण गरिएको र २९ जना बालबालिकालाई वैंदेशिक रोजगार सन्तती छात्रवृत्ति उपलव्ध गराउन सहजिकरण गरिएको छ । यसका साथै कृषकहरुलाई उद्यमशिलता तालिम, वेमैसमी खेति र साइलेज बनाउने तालिम, युवाहरुलाई वारिष्टा र कुक तालिम प्रदान गरी स्वरोजगार बनाउन अभिप्रेरित गरिएको छ । रेमी र सामी परियोजना मार्फत मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण, पुनर्ताजगकी र घरदैलो कार्यक्रम, उद्यमशिलता विकास तालिम, विप्रेषण व्यवस्थापन कक्षा, सामुदायक अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।

***सभाका सदस्यज्यूहरु,***

अब म यस सम्मानित सभामा वित्तीय प्रगतिको साराँश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. का लागि कुल आय रु. १ अर्ब २० करोड २२ लाख ६४ हजार ५ सय अनुमान गरिएकोमा मिति २०८३ जेठ २० गतेसम्म कुल वास्तविक आय रु. ८१ करोड ४९ लाख ४४ हजार ८ सय २३ प्राप्त भई कुल आय अनुमानको ६७.७८ प्रतिशत आय प्राप्ति भएको छ । जसमध्ये व्ययको चालु खर्च तर्फ रु. ३३ करोड ६१ लाख ३ सय ५० र पूजिंगत खर्च तर्फ रु. १९ करोड २३ लाख ८१

गरी कुल वास्तविक खर्च रकम रु. ५२ करोड ६१ लाख २३ हजार ४ सय ३२ भई बजेट अनुमानको ४३.७६ प्रतिशत वित्तीय प्रगती देखिएको छ ।

**सभाका सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानूनी आधारहरु अवलम्बन गरिएको छः

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- उर्लाबारी नगरपालिकाकोआवधिक योजना तथा मध्यमकालीन खर्च संरचना
- नगरपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा
- जनअपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

**सभाका सदस्यज्यूहरु,**

"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी" को सोच लिई आगामी वर्षको नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय पूर्वाधार विकास,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, कृषि र पशुपंक्षीजन्य उत्पादन, वितरण र उपभोगमा सहयोग पुग्ने,
- महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- प्राकृतिक श्रोतको दिगो उपयोग तथा विपद् व्यवस्थापन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- विगतका सफल प्रयास तथा अभ्यासलाई निरन्तरता दिईने ।

**प्रमुख रणनीतिहरुः**

१. प्राथमिकता तथा आवश्यकताका आधारमा नीति तथा नीति अनुरुप आय व्ययको अनुमान तयार गरिने ।

२. स्थानीय नीति तथा कार्यक्रमलाई राष्ट्रिय तथा प्रादेशिक नीति संग आवद्ध गरिनेछ ।

३. वित्तीय संघीयता तथा स्थानीय वित्तीय स्वायत्तालाई प्रवर्धन गर्न आन्तरिक परिचालन थप प्रभावकारी बनाईने ।

४. बजेटको विश्वसनीयता तथा प्रभावकारिता बढाउन श्रोत अनुमानलाई वास्तविक बनाउनुका साथै बजेटमा संरचनात्मक सुधार गरिने ।

५. चालू खर्चलाई वाञ्छित सीमा भित्र राख्दै चालू तथा पूँजीगत खर्चलाई सन्तुलन गरिनेछ ।

६. लाभ लागत विश्लेषण तथा वास्तविक आवश्यकताका आधारमा पूर्वाधार आयोजना छनौट गरिनेछ ।

७. कार्यक्रम तथा आयोजना छनौटमा दोहोरोपना तथा खाडल हटाईने तथा अधुरा आयोजना सम्पन्न गरिने ।

८. आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयाबद्ध गरिने ।

९. विकास आयोजना कार्यान्वयनमा लाभग्राही तथा सरोकारवाला पक्षको साझेदारीलाई जोड दिईने ।

१०. विकास प्रयासमा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिने ।

११. क्षेत्रगत तथा विषयगत सन्तुलन कायम गरिने ।

१२. सार्वजनिक खर्चमा मीतव्ययीता अपनाईने तथा वित्तीय अनुशासन कार्म गरिने ।

१३. अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित र वस्तुनिष्ठ बनाईने ।

**सभाका सदस्यज्यूहरु,**

अब म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको नीतिहरु प्रस्तुत गर्दछु ।

# आ.व. २०८३।०८४ का लागि विषय क्षेत्रगत नीति तथा कार्यक्रमः

**दिर्घकालिन सोचः " स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी "**

## १. आर्थिक विकास नीति

### उपक्षेत्र १ कृषि तथा खाद्य सुरक्षा

१. खाद्यान्न, तरकारी, फलफुल, मसला, नगदे बालीको उत्पादन क्षेत्र तथा उत्पादकत्व वृद्धि गर्दै किसानलाई व्यवसायिकीकरण तर्फ उन्मुख गराईनेछ । कृषक परिवारलाई उत्पादनशील कृषि सहकारीमा आबद्ध गराइनेछ ।

२. कृषि विकास शाखामा एकिकृत प्रयोगशाला निर्माण गरि बालीमा लाग्ने विभिन्न प्रकारका रोगहरुको पहिचान गरिने साथै बीउ बिजनको उमारशक्ति परीक्षण गरि किसानको क्षति न्यूनिकरण गरिनेछ ।

३. उर्लाबारी नगरको कृषि क्षेत्रमा सम्भाव्यताको आधारमा बाली अनुसार पकेट क्षेत्र छनौट गरी चक्लाबन्दी खेती गर्न प्रोत्साहित गरिनेछ ।

४. लाभग्राहीसंगको लागत साझेदारीमा मसला तथा जडिबुटीजन्य बाली उत्पादन तथा प्रशोधन कार्यमा जोड दिईनेछ ।

५. स्थानीय कृषकको उत्पादनलाई कृषि थोक तथा खुद्रा बजारसम्म पहुँच पुर्याउन व्यवस्थित कृषि बजार प्रबर्द्धन गर्दै लगिनेछ ।

६. बाली र वातावरणलाई संरक्षण गर्दै रोग/किरा न्यूनिकरण गर्ने निति लिइनेछ ।

७. नगरभित्र उत्कृष्ट कृषि कार्य सञ्चालन गर्ने कृषकहरुलाई सम्मान/प्रोत्साहन स्वरुप उत्पादनको आधारमा सम्मान गर्ने कार्य सञ्चालन गरिनेछ ।

८. बाली बिमा कार्यक्रमको पहुंच विस्तार गर्न सचेतानमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गरिब, विपन्न, दलित, अपांगता भएका र विदेशबाट फर्की आफ्नै देशमा स्वरोजगार बन्न चाहने किसानलाई कृषि मार्फत स्वरोजगार बनाउन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. तुलनात्मक लाभको उत्पादन दिने जस्तै मौरीपालन तथा च्याउखेतीलाई प्राथमिकता दिईनेछ ।

११. कृषि यन्त्रहरुलाई व्यवसायिक किसानको पहुँचमा पुऱ्याई कृषिमा आधुनिकीकरण तथा व्यवसायिकीकरण तर्फ उन्मुख बनाउदै लगिनेछ ।

१२. किसानको वास्तविक समस्या पहिचान तथा समस्याको कारण पहिचान गरी निवारण गर्न एवं प्रत्येक वडामा किसानसंग प्रत्यक्ष अन्तरक्रिया गर्न किसानसंग स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. माटो सुधारको लागि माटो परीक्षण गरी कृषि चुन तथा प्राङ्गारिक खेती, हरियो मल प्रयोग लाई प्रोत्साहन गरिनेछ ।

१४. कृषिजन्य बालिमा रोग / किराको पहिचान गरी निराकरण गर्न शत्रुजिव व्यवस्थापन (IPM) कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. कृषि प्रविधी प्रसार गर्नको लागि सिपमूलक तालिम उपलब्ध गराईनेछ ।

१६. बाँझो जमिनमा खेती प्रविधी विस्तार गरी कृषकको प्रति इकाई क्षेत्रफलको लागत कम गर्दै लगिनेछ ।

१७. कृषि शाखाको आन्तरिक तथ्यांक अभिलेखिकरण, विश्लेषण र डिजिटल सेवा प्रवाहका लागि व्यवस्थित गर्दै लगिनेछ ।

१८. कृषि उपजमा प्रयोग भएको बिषादी अवशेष द्रुत गतिमा परीक्षण गर्नको लागि विषादी अवशेष द्रुत बिश्लेषण प्रयोगशाला सँग समन्वय गर्दै कृषि उपजको विषादी परीक्षण गरिनेछ ।

१९. संचालित कार्यक्रमहरुको नियमित रुपमा प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

२०. उर्लाबारी नगरक्षेत्रभित्र सञ्चालनमा रहेका खाद्य उद्योग तथा होटलहरुको गुणस्तरिय उत्पादन गर्नका लागि सुधारको सुनिश्चितता गरिनेछ ।

२१. उर्लाबारी नगरक्षेत्र भित्र खाद्य व्यवसाय सञ्चालन गरेका पसलहरुको अनुगमन/निरिक्षण/ नियमन गरी गुणस्तरियता प्रदान गर्दै लगिनेछ ।

२२. खाध्यान्न र पोषण सम्बन्धी सचेतनामूलक कार्य स्कुल, क्याम्पस, विभिन्न समूह तथा टोल/वस्तिमा सञ्चालन गरी आम नागरिकलाई सचेत गराइनेछ ।

२३. खाद्य व्यवसाय सञ्चालन तथा प्रशोधन गर्ने व्यवसायिहरुलाई खाद्य स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यका साथै सिपमूलक तालिम सञ्चालन गरिनेछ ।

२४. विभिन्न उमेर समूहका मानिसहरुको पोषण अवस्था सुधारका लागि खाद्य विविधिकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिईनेछ ।

२५. खाद्य वस्तुको गुणस्तरियता र स्वच्छता सम्बन्धि आवश्यक परामर्श प्रदान गरिनेछ ।

२६. पकेट कार्यक्रमको तथा व्यवसायिक उत्पादनका लागि गरिने लगानीमा कृषि बिमा गरिनेछ ।

## उपक्षेत्र २ सिंचाई

२७. जरुवा तथा बार्हैं महिना बहने पानीको श्रोतलाई मुल पैनि हुदै शाखा पैनिमा विस्तार गरिनेछ ।

२८. पक्की सिंचाई पुर्वाधारको निर्माण गरिनेछ यसका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।

२९. सुख्खा ग्रस्त क्षेत्रमा मोटर / बोरिङ र सतह सिंचाईको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## उपक्षेत्र ३ पशुपंक्षी विकास

३०. नगर भेटेरिनरी अस्पतालको पूर्बाधार तथा जनशक्ति बिकास गर्दै प्राविधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रबिधियुक्त प्रयोगशाला सेवालाई बिशिष्टिकृत गर्दै लगिनेछ ।

३१. पशुपन्छिहरुमा लाग्ने महामारीजन्य संक्रामक रोगहरु बिरुद्ध निःशुल्क नियमित खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ। (खोरेत/लम्पि स्किन/पिपिआर/स्वाइनफिबर/रेविज आदि)

३२. उन्नत जातका पशुपन्क्षिहरुको बिकास गर्दै पशुनश्ल सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३. पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै निजि जग्गा/सामुदायिक वन क्षेत्रमा लागत साझेदारीमा/निःशुल्क बर्षे, बहुबर्षिय बिउ, बेर्ना, स्लिप, सेट्स बितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. विशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर/ घुम्ति शिविर/ सामुदायिक कुकुरबाट हुने जोखिम कम गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिबिर सञ्चालन गरिनेछ ।

३५. व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म,समुह, समिति, सहकारी सस्थाहरुसंग सहकार्य/साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

३६. सचेतना तथा कृषकहरुको व्यवसायिक क्षमता विकासका लागी तालिमहरु सञ्चालन गरिनेछ।

३७. उपभोक्ताहरुलाई स्वस्थ्यकर मासु उपभोगका लागी पशुवधशाला निर्माण/मासु पसल सुधार/व्यवसाय सुचिकरण तथा आबस्यक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. पशुपन्छीजन्य तथा माछाजन्य उत्पादनमा आत्मनिर्भर बनाउन व्यसायिक प्रोत्साहन तथा प्रबर्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३९. वडामा सञ्चालनामा रहेका पशुपन्छी सेवा केन्द्रको व्यवस्थापन र पूर्वाधार विकास गर्दै लगिनेछ ।

४०. गाई/भैसीमा सुत्केरी स्याहार सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. पशुपन्छी तर्फको तथ्यांक अध्यावधिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४२. पशुपन्छीहरुमा संक्रमक महामारी जन्य रोगहरुको नियमित सर्भिलेन्स / रोग निदान/रोग नियन्त्रणको कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४३. संचालित कार्यक्रमहरुको नियमित प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

## उपक्षेत्र ४ उद्योग तथा व्यापार

४४. स्थानीय कच्चा पदार्थ, सीप, श्रोत र साधनको प्रयोग हुने र समुहबाट सञ्चालन हुने, घरेलु तथा साना उद्योगहरुको सञ्चालन र विस्तारमा आवश्यक अनुदान र प्रोत्साहनको व्यवस्था गरी सवै व्यवसायलाई करको दायरामा ल्याउन अभियान सञ्चालन गर्ने नीति लिइनेछ ।

४५. महिला तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित साना तथा घरेलु उद्योगहरूलाई विशेष प्राथमिकतामा राखी कर सहुलियत, अनुदान तथा प्रविधि सहयोग गरी प्रोत्साहित गरिनेछ ।

४६. सीप विकास तालीमलाई बजारको आवश्यकतामा आधारित बनाईने छ । एक व्यक्ति एक तालिम, आधारभुत तालीम लिएकालाई एडभान्स तालिम, तालिम लिएका स्वरोजगार भएकालाई पुँजी तथा प्रविधी सहयोग गरिनेछ । सीप विकास तालीममा महिला, सीमित अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

४७. नगरपालिका भित्र स्थानीय व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदानका लागि आवश्यक सहजीकरण गरिनेछ ।

४८. स्थानीय स्तरमा उत्पादित वस्तुको बजारिकरणका लागि ठुला व्यवसायी, उद्योग वाणिज्य संघ तथा अन्तर स्थानीय तह समन्वय गरिनेछ ।

४९. नगरपालिका क्षेत्र भित्र हाटबजार व्यवस्थित गर्न अभिलेखिकरण, व्यवस्थापन समिति गठन, पूर्वाधार निर्माण, जग्गाको दीर्घकालीन व्यवस्थापन गरिनेछ ।

५०. यस नगरपालिका क्षेत्रमा उद्योग कलकारखाना स्थापना गरी सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनीहरूलाई राजश्व सहुलियत दिनुका साथै व्यवस्थापकीय पक्षमा सहयोग गर्ने नीति लिइनेछ ।

५१. बजार असफलता, एकाधिकार, कार्टेलिङ्ग नियन्त्रण, उपभोक्ता अधिकार सुनिश्चित गर्न सचेतना तथा बजार अनुगमन, अनुगमनका संघीय सरकार मातहतका निकाय संग समन्वय

गरिनेछ ।

५२. वर्षौं देखि संचालित तर नवीकरण नभएका व्यवसायलाईलाई नियमित गर्न करका माध्यमबाट प्रोत्साहन गरिनेछ ।

५३. उर्लाबारी नगर क्षेत्रका साप्ताहिक बजारको पूर्वाधार निर्माणका लागि नगर विकास कोषबाट ऋण तथा अनुदान सहयोग लिई कार्य अगाडी बढाइनेछ ।

## उपक्षेत्र ५ पर्यटन तथा संस्कृति

५४. सिमसार क्षेत्र तथा पुष्पनगरी पार्क लाई पर्यटन उत्सबको रुपमा प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

५५. मावा कोरिडोर सौन्दर्यीकरण योजना सञ्चालनमा निरन्तरता दिईनेछ ।

५६. ऐतिहासिक महत्व बोकेका आदिवासी जनजाती (धिमाल, दनुवार, माझी, डोम, संथाल आदि) जातको संस्कृतिक संरक्षण गरिनेछ ।

५७. उर्लाबारी नगरपालिकाका बिशिष्ट साँस्कृतिक संपदाको संरक्षणका लागि उपयुक्त स्थानमा साँस्कृतिक संग्राहालय निर्माणका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## उपक्षेत्र ६ भूमि व्यवस्था तथा सहकारी

५८. उर्लाबारी नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५९. सहकारीलाई कृषि, पर्यटन तथा उत्पादनमुखी बनाउने नीति अनुरुप सहकारी संस्थालाई उत्पादन तथा स्वरोजगारका लागि कृषि शाखा संग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

६०. कृषि, पशुपन्छी तथा स्थानीय उद्योगको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, यान्त्रिकरण, आधुनिकिकरण एवं प्रवर्धन गर्न सहकारी क्षेत्रको सहभागिता बढाउन आवश्यक प्रोत्साहन गरिनेछ ।

६१. समग्र सहकारी संस्थामा सुशासनयुक्त संस्कृतिको विकास गर्न अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिईनेछ ।

६२. संघीय सरकारको समन्वयान भूमि प्रशासन सम्बन्धी सेवा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

६३. वैदेशिक रोजगारबाट फर्किएका, ज्येष्ठ नागरिक, महिला समूह तथा मिलिजुली समूहलाई सहकारीमा आबद्ध गराइनेछ ।

## उपक्षेत्र ७ श्रम तथा रोजगारी

६४. बेरोजगार व्यक्ति र रोजगार प्रदायक संस्थाहरुको सूचिकरण गरिनेछ ।

६५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय निजी,सहकारी तथा गैरसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।

६६. कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत आवश्यक्ता साथै पर्यटनमा समेत रोजगारीलाई जोड्ने काम गरिनेछ ।

६७. न्यूनतम ३०० जना व्यक्तिलाई सीपमूलक तालिम प्रदान गर्ने नीति लिईनेछ । तालिम सञ्चालनका लागि वैदेशिक रोजगार बोर्ड, हेल्भेटास, सि.टि.ई.भि.टि, व्यावसायिक प्रशिक्षण केन्द्र लगायत संस्थासँग सहकार्य गरिनेछ ।

६८. श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति कार्यान्वयन गर्दै लगिनेछ ।

६९. रोजगार प्रदायक र वेरोजगार व्यक्तिहरुलाई सोझै सम्पर्क स्थापित गर्न संघिय सरकारले कार्यान्वयनमा ल्याएको श्रम संसार वेभ पोर्टलमा आवद्ध हुन सहजिकरण गरिनेछ ।

७०. संघ तथा प्रदेश स्तरका वैदेशिक रोजगार सम्बन्धित सरोकारवाला निकाय र स्वदेशमा रोजगार प्रवर्द्धन गर्ने निकायहरुसँग सम्पर्क समन्वय गरी कार्यगत सम्बन्ध स्थापना गरिनेछ ।

७१. आप्रवासन प्रकृयाका चरणहरु (प्रस्थान पूर्व, प्रस्थान र पुनःएकीकरण) सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरि वैदेशिक रोजगार प्रकृया सुरक्षित र मर्यादित बनाउन पहल गरिनेछ ।

७२. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको ज्ञान, सीप तथा कार्य अनुभव सहितको अभिलेखिकरण र वैदेशिक रोजगारको प्रोफाईल अध्यावधिक गरिनेछ ।

७३. वेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुले लघु उद्यम गर्न चाहेमा प्राविधिक सहयोग गरिनेछ ।

७४. औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न गराउन पहल गरिनेछ ।

७५. श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि सहजिकरण साथै वैदेशिक रोजगारीका क्रममा पिडित व्यक्तिहरुलाई आर्थिक सहायता, क्षतिपूर्ति प्राप्तिका लागि सहजिकरण गरिनेछ ।

७६. बेरोजगार तथा रोजगारदाता बीच उद्योग, वाणिज्य संघ, तालिम प्रदायक संस्था लगायतका सरोकारवालसंगको समन्वयमा असल श्रम सम्बन्ध स्थापना गरिनेछ ।

## २. सामाजिक विकास नीति

### उपक्षेत्र १ शिक्षा, भाषा, कला तथा साहित्य

७७. विद्यालयहरूको भौतिक पूर्वाधार सवलीकरण गरी सहज र उपयुक्त शिक्षण सिकाइको वातावरण तयार गर्नका लागि विद्यालयहरूको भौतिक मर्मत सम्भार, घेराबार, शुद्द पिउने पानी तथा शौचालय व्यवस्थापन एवं अधुरा भवन पुरा गरी विद्यालयहरूको आन्तरिक र बाह्य वातावरण सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७८. नगर क्षेत्रका शैक्षिक संस्थाहरुको गुणस्तर वृद्धि गर्नका लागि नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७९. विद्यालय नक्सांकन, विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक व्यवस्थापन, विद्यालय समायोजन, विग विद्यालयको अवधारणा र यसका लागि आवश्यक वैकल्पिक व्यवस्था तथा स्वयम् सेवक शिक्षक परिचालन गरिनेछ ।

८०. शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

८१. प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सिमान्तकृत, अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

८२. सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ. हरुसँग समय समयमा बैठक बसि शैक्षिक प्रगति र सुधारका पक्षमा छलफल गरि आवश्यक सुधार गरिँदै लगिनेछ ।

८३. विषयगत विज्ञहरुको रोष्टर तयार गरी ती विज्ञहरुबाट आवश्यकता अनुसार निरीक्षण, अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८४. विद्यालयमा ट्राफिक सचेतना, विपद् बाट सुरक्षा तथा लागु औषध दुर्व्यसनी विरुद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. उपमेयरसँग बालबालिका कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मनोपरामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. परम्परागत विद्यालय, मठमन्दिर, भाषा संस्कृतिलाई संरक्षण, सम्बर्धन र प्रवर्धन गर्दै लगिनेछ ।

८७. शिक्षण सिकाइ सुधारका लागि विषयगत सिकाइ उपलब्धी, शिक्षकको कार्यक्षमता, कार्य सम्पादन मूल्याङ्कन, शिक्षकको विशेष दक्षतालाई शिक्षकको पुरस्कार, प्रोत्साहन र सरुवाको आधारका रुपमा स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।

८८. विद्यालय विकासमा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरूको जवाफदेहिता वृद्धि गर्न शिक्षकले प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको रोहवरमा नगरपालिकासँग कार्यसम्पादन करार संझौता गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

८९. पाठ्यक्रममा समाविष्ठ अतिरिक्त कृयाकलाप अन्तर्गत रहेका चित्रकला, वाद्यवादन, गायन, योग तथा खेलकुदको शिक्षण सिकाइ गर्नका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

९०. दिवा खाजामा स्थानीय सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरी खाजाको गुणस्तर सुधारको सुनिश्चिता गरिनेछ । दिवा खाजाको मापदण्ड बमोजिम गुणस्तरमा ध्यान नदिएका, दिवा खाजामा चटपटे र पत्रुखाना (जंक फूड) को प्रयोग गर्ने विद्यालयहरूलाई दिवा खाजा वापत दिइने अनुदान रकम कटौति गर्ने नीति लागु गरिनेछ ।

९१. विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापन सुधारका लागि नगर शिक्षा समिति, वडा शिक्षा समिति, जनप्रतिनिधि तथा तोकिएका कर्मचारीबाट गरिने अनुगमनलाई सूचकमा

आधारित बनाइ थप प्रभावकारी बनाइने छ । शैक्षणिक पक्षको अनुगमन र शिक्षकलाई पेशागत सहयोग गर्न विद्यालय मेन्टरिङ पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

९२. "विद्यार्थीमा नैतिकता तथा नेतृत्व विकास" अभियानमा स्काउट, बाल क्लब तथा जु.रे.स. परिचालन गरिनेछ ।

९३. संस्थागत विद्यालयहरूको नियमन गरी सेवामुलक बनाइने छ । संस्थागत विद्यालयले प्रदान गर्ने निःशुल्क वृत्ति तथा छात्रवृत्तीका लागि सम्वन्धित वडा शिक्षा समितिसँग अनिवार्य समवन्य गर्नु पर्ने व्यवस्था लागु गरिनेछ ।

९४. विद्यालय शिक्षक तथा कर्मचारीहरुलाई जेसी (GESI) सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. उर्लाबारी गुणस्तरीय शिक्षा सुधार परियोजना युनिक (UNIQuE) मार्फत विद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

## उपक्षेत्र २ आधारभुत स्वास्थ्य तथा पोषण

९६. नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

९७. पुर्णखोप दिगोपनाको लागी खोपकेन्द्रहरुको आवश्यक व्यवस्थापन, गुणस्तरीय खोप सेवा प्रदान गरिनुका साथै खोप छुट बच्चा पहिचानका लागि घरधुरी सर्वेक्षण लगायत तोकीएका अन्य कृयाकलापहरु गरी यस नगरपालिकालाई पुर्णखोप युक्त नगर कायमै राखिनेछ ।

९८. बालबालिकाहरुको पोषण अवस्थाको नियमित लेखाजोखा गरिनेछ, साथै महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको शुक्ष्म पोषण अवस्था सुधारका लागि भिटामिन ए आम वितरण कार्यक्रम संचालन, खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ ।

९९. स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा क्रमशः OTCS (आउट पेसेन्ट थेराप्यूटिक केयर सर्भिसेज (Outpatient Therapeutic Care services) स्थापना गरी पोषण सेवा विस्तार गर्दै लगिनेछ ।

१००. क्षयरोग तथा कुष्ठरोगको सबै स्वास्थ्य संस्थाबाट उपचारहुने व्यवस्था मिलाईनुका साथै रोगको प्रारम्भिक पहिचान गरी नियंत्रणका लागि डीफल्टर मोनिटरीङ तथा कन्टयाक ट्रेसिङ लागायतका समुदाय स्तरीय कायक्रमहरु संचालन गरिनेछ ।

१०१. शुरक्षित गर्भपतन सेवा र परिवार नियोजनका साधनहरु IUCD, IMPLANT लाई क्रमशः सबै स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै लगिनेछ ।

१०२. महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्कृनिङ गरी आवश्यक प्रारम्भिक व्यवस्थापन का साथै अन्य ब्यवस्थापनका लागि सम्वन्धित निकायमा समन्वय गरिनेछ ।

१०३. समुदाय स्तरमा नियमित रक्त सुगर तथा रक्तचाप स्कृनिङ सेवा लाई सबै स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य सामुदायिक स्वयंसेविका मार्फत नियमित जाँच गर्ने व्यवस्था मिलाईने छ साथै प्रत्येक बर्ष फागुन महिनाभर नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि नगरपालिकाव्यापी अभियान सञ्चालन गरिनेछ।

१०४. नसर्ने रोगको प्रकोपको न्युनिकरणका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै स्वास्थ्य रहनु नागरिकको स्वयं जिम्मेवारी हो भन्ने तथ्य लाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धी गर्दे स्वास्थ्य जिवनशैलि प्रर्वद्धन गरिनेछ ।

१०५. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामिण अल्ट्रासाउण्ड स्वास्थ्य कार्यक्रम लाइ निरन्तरता दिइनेछ । साथै समुदायमा आवश्यकताका आधारमा अन्य स्वास्थ्य शिविरहरु संचालन गरीने छ ।

१०६. माहामारी प्रकोप तथा किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरी माहामारी नियंत्रण गरीनेछ, जसका लागी औषधि,उपकरणहरु समेतको प्रयाप्त व्यवस्था गरीने छ ।

१०७. आधारभुत स्वास्थ्य सेवाका लागि तोकीएका र महामारी नियंत्रणका लागी आवश्यक पर्ने औषधि तथा उपकरणहरु र ल्याव सामांग्रीहरुको प्रयाप्त व्यवस्था गरी नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट बर्ष भरीनै निःशुल्क वितरण गरीने व्यवस्था
मिलाईनेछ ।

१०८. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाहरु संचालन तथा विस्तार गर्दै लगिनेछ ।

१०९. नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइने किसिमका कृयाकलापहरुलाई निरन्तरता दिइनेछ ।

११०. विधालय स्वास्थ्य कार्यक्रमलाई निरंतरता दिईनेछ साथै विधालय स्वास्थ तथा पोषण कार्यक्रम अन्तरगत तोकिएका समुहलाई आई.एफ.ए (IFA) तथा जुकाको औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१११. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धी र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागी तालिम,अभिमुखीकरण गोष्ठी, अनसाइट कोचिङ तथा नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ ।

११२. स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पुर्णरुपमा लगीनेछ साथै स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्ड लाई कार्यान्वयन गरिनेछ ।

११३. सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई काम गर्न उप्रेरित बनाउन प्रोत्साहन तथा पुरस्कारको व्यवस्था लाइ निरन्तरता
दिइनेछ ।

११४. निजि अस्पताल, क्लिनिक तथा सहकारी अस्पताल, ल्याव सेवाहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह, सेवा शुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरीनेछ साथै निजी स्वास्थ्य संस्थाहरुको संचालन आनुमति तथा नविकरण लाई व्यवस्थित गरीनेछ ।

११५. आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा लगायतका चिकित्सा प्रणालिलाई विकास र विस्तार गरिनेछ साथै स्थानीयस्तरमा उपलब्ध हुने जडिवुटिहरुको प्रर्बद्धन तथा उपयोगमा जोड दिइनेछ ।

११६. देशको सबैभन्दा पुरानो आर्युवेद तथा परम्परागत चिकित्सा पद्दति लाई संरक्षण गर्दै नागरिकहरुको पहुँच हुने गरी संचालन तथा विस्तार गरिनेछ ।

११७. अति विपन्न तथा गरीव नागरिकहरुलाई विभिन्न रोगहरुको उपचार, आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी उपलब्ध गराइएको सहायतालाई निरन्तरता दिइनेछ ।

११८. आठ ओटा रोगहरु (क्यान्सर, मृगौला, मुटुरोग, स्पाइनल इन्ज्युरी, पार्किन्सन्स, हेडइन्ज्युरी, अल्जाइमर र सिकलसेल एनिमिया) का विरामिहरुलाई बार्षिक एकपटक

फलोअपमा जानका लागि प्रदान गरिएको यातायात खर्च (एम्वुलेन्स भाडा) निरन्तरता दिइनेछ ।

११९. सव वहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईनेछ ।

१२०. राजघाट स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी पाँच शैयाको अस्पतालका लागि मापदण्ड अनुसारको भवन,अन्य भौतिक संरचना, औषधि/उपकरण, जनशक्ति लगायत आवश्यक व्यवस्थापन गरिनेछ ।

१२१. स्वास्थ्य सेवाबाट प्रदान गरिने प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धिका लागि सप्लाई, सुपरभिजन एण्ड स्टाटिस्टिक (Supply, Supervision & Statistics) रणनीति अवलम्बन गरिनेछ । यसबाट प्राप्त नतिजालाई स्वास्थ्यकर्मीको सेवा, सुविधा तथा निरन्तरतासंग आवद्ध गरिनेछ ।

१२२. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरसँगको समन्वयमा मृगौला रोग पिडितहरुलाई डायलायसिस सेवा प्रदान गर्न पहल गरिनेछ ।

१२३. मिनिमम् सर्भिस स्टाण्डर्ड (Minimum Service Standard) को आधारमा एवम् संस्थाको अनुगमन गरी गुणस्तर अभिवृद्धि गरिनेछ ।

## उपक्षेत्र ३ खानेपानी तथा सरसफाई

१२४. उर्लाबारी नगर क्षेत्रमा सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समिति/संस्थालाई एकिकृत गरी उर्लाबारी खानेपानी तथा सरसफाइ संस्था मार्फत नगरक्षेत्रमा स्वच्छ खानेपानी सेवाको सुरुवात भईसकेकोले खानेपानीको पहुँच हर घरमा पुर्याउन पहल गरिनेछ ।

१२५. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानी व्यवहारमा परिवर्तन गर्न नगरपालिकाको अगुवाइमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु समयानुकुल मर्मत संभार, चुहावट नियन्त्रण, गुणस्तरीय खानेपानी, उचित मूल्यमा स्थानीय उपभोक्तालाई उपलब्ध गराउने गरी व्यवस्थापन

मिलाइनेछ ।

१२७. खानेपानीको वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

१२८. विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२९. सार्वजनिक स्थानमा शुद्ध पिउने पानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१३०. सबै नागरिकलाई सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न संघीय सरकारको समन्वयमा जलवायु उत्थानशील समावेशी एन वास (N-WASH) मा आधारित वास प्लान (WASH Plan) स्वीकृत, कार्यान्वयन तथा पूर्णता गर्न आवश्यक व्यवस्था मिलाईनेछ साथै वास एम.आई.एस. (WASH-MIS) नियमित अध्यावधिक गरिनेछ ।

१३१. उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था मार्फत खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित पानी परीक्षण, प्रयोगशाला पहुँच तथा अनुगमनको व्यवस्थापन गरिनेछ र घरायसी स्तरमा पानी शुद्धीकरण तथा सरसफाई व्यवहार प्रबर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. ठोस तथा दिशाजन्य लेदो व्यवस्थापन तथा सुरक्षित सरसफाइ चक्र सुनिश्चित गर्न मौजुदा कानूनको अध्यावधिक र जलवायु अनुकूलन प्रविधि सहित दिगो व्यवस्थापनमा जोड

दिइनेछ ।

## उपक्षेत्र ४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१३३. वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई वालवालिकाको क्षमता विकासका लागि विभिन्न वाल प्रतियोगिता तथा बालक्लब र बालसंजालका पदाधिकारीहरूको क्षमता विकास गर्दै, समग्र नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

१३४. बालमैत्री स्थानिय शासनयुक्त नगरपालिका घोषणा तथा निरन्तरता दिइने छ ।

१३५. बाल सरक्षण प्रणालीलाइ सुद्धिढीकरण गरिने छ ।

१३६. बिभिन्न कार्यक्रमका माध्यमबाट लैगिक हिंसामा परेकाको बिशेष सरक्षण तथा ब्यावस्थापन सम्बन्धी कार्यक्रम गरिनेछ ।

१३७. महिला विकास कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन तथा लैगिंक समानता तथा समाबेसीकरणका क्षेत्रमा प्राप्त उपलब्धीलाइ सस्थागत गर्दै लगिने छ ।

१३८. गरिबी निवारणका लागी महिला उधमशिलतालाइ प्राथमिकता दिइनुका साथै राष्ट्रपति महिला सशक्तिकरण परियोजनालाइ निरन्तरता दिइ महिलाहरुलाइ सिप तथा अत्मनिर्भर बनाइनेछ ।

१३९. प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४०. नगरपालिकामा बन्ने भौतिक संरचनाहरुमा महिला,बालवालिका तथा अपाङ्गता मैत्री बनाइनेछ ।

१४१. लैगिक उत्तरदायी बजेट निर्माण तथा परिक्षण गरिनेछ ।

१४२. लैङ्गिक तथा यौनिक अल्पसख्यकहरुको जीवनयापन सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

१४३. जेष्ठ नागरिकको जीवनयापन सहजीकरणका लागी कार्यक्रम सचालन गरिनेछ ।

१४४. मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन र अनुगमनका कार्य गरिनेछ ।

१४५. लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सेवामा पहुंच परियोजनालाई निरन्तरता दिइनेछ ।

१४६. लैङ्गिक हिंसाको जोखिममा परेका वर्गहरुको खोज, उद्दार पश्चात पुनर्स्थापना नहुदा सम्मका लागि सुरक्षित स्थानको ब्यवस्थापनको लागि सञ्चालित सेफ स्पेश (Safe Space) लाई थप प्रभावकारी बनाइनेछ ।

१४७. बालबालिकाको बजेट निर्माणमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

१४८. असहाय महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको आपतकालिन आवास तथा दिर्घकालिन पुर्नस्थापनाका लागि सम्बन्धित गै.स.स. को समन्वयमा कार्य गरिनेछ ।

## उपक्षेत्र ५ युवा तथा खेलकुद

१४९. खेलकुद विकासका लागि विभिन्न खेलकूल कार्यक्रमहरुको संचालन तथा व्यवस्थापन गर्रिदै लगिनेछ ।

१५०. खेलकूद क्षेत्रलाई विकास गर्दै लैजानका लागि विधागत रुपमा खेल प्रशिक्षकहरु स्थानीय स्तरमै उत्पादन गर्न सहजिकरण गरिनेछ ।

१५१. खेलाडीहरुलाई पालिका, जिल्ला र राष्ट्रियस्तरका खेलहरुमा सहभागी गराइ खेलाडी उत्पादनका कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१५२. राष्ट्रिय तथा अन्तरराष्ट्रियरुपमा खेल क्षेत्रमा ख्याती प्राप्त खेलाडीहरुको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५३. खेलमैदानमा आवश्यक खेलकुद पूर्वाधार निर्माण गरिनेछ ।

## उपक्षेत्र ६ सामाजिक सुरक्षा तथा संरक्षण

१५४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ । कानुनको दायरामा रही सुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ ।

१५५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अशक्त लाभग्राहीहरुलाई सहजै रुपमा भत्ता उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।

१५६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नया दर्ता तथा नविकरणका लागि फिङ्गरप्रिन्ट र आइरिस विधिबाट बायोमेट्रिक रुजु गरिनेछ ।

१५७. व्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन कार्यक्रम संचालन गरिनेछ ।

१५८. अति विपन्न, असहाय, बेवारिसे तथा अपाङ्गता भएका व्यक्तिलाई संरक्षण प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१५९. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनेछ ।

# पूर्वाधार विकास नीति

## उपक्षेत्र १ सडक, पुल तथा यातायात

१६०. साना तथा अल्पकालिन आवश्यकताका योजना तथा कार्यक्रमहरुलाई निरुत्साहित गर्दै ठूला तथा दिर्घकालिन महत्वका साथै दिगो विकास लक्ष्य प्राप्तिका लागि सहयोग गर्ने आयोजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

१६१. भौतिक पूर्वाधार तर्फका न्यूनतम रु. ४ लाख र वडास्तरीय भौतिक पूर्वाधार तर्फ एकवटा योजनामा न्यूनतम रु. १५ लाख रकम विनियोजन गरी सञ्चालन गरिनेछ ।

१६२. नगर क्षेत्र भित्र जीर्ण तथा भत्किएका कालोपत्रे सडकहरुलाई प्राथमिकतामा राखी मर्मत तथा संरक्षणका कार्य गरिनेछ ।

१६३. नगरपालिका भित्र सञ्चालन हुने योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउन वडास्तरीय तथा नगरस्तरीय अनुगमन समितिबाट नियमित रुपमा अनुगमनको व्यवस्था मिलाइनेछ । रु. ६ लाखसम्म लागत अनुमान भएका योजनाहरुको अनुगमन कार्य वडा स्तरीय अनुगमन समितिबाट हुने व्यवस्था मिलाई कार्यान्वयनमा सहजता ल्याइनेछ । साथै गुणस्तर सुनिश्चततालाई प्रयोगशाला परिक्षणसंग आवद्ध गरिनेछ ।

१६४. नगरक्षेत्रभित्र बन्ने ड्रेन निर्माण कार्यमा RCC ड्रेन निर्माणलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरी ड्रेन निर्माणको गुणस्तरीयता र दिगोपना सुनिश्चित गरिनेछ ।

१६५. नगरक्षेत्रका भित्री बाटाहरुमा गुणस्तरीय पेभिङ्ग ब्लकको प्रयोगलाई क्रमश बढाउँदै लगिनेछ ।

१६६. वडा नं ६ मा निर्माणाधिन उर्लाबारी बसपार्क योजनाको निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ साथै अधुरो कवर्डहल लगायत अन्य अधुरो आयोजनाको निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१६७. वडा नं ४ मा रहेको बक्राहाघाटको निर्माण सम्पन्न गरी पूर्ण रुपमा उपयोगमा ल्याइनेछ, वडा नं ५ को झुम्राहा स्थित राम्री खोलामा पक्की पुल निर्माण गरिनेछ साथै वडा नं. ५ को पुष्पनगरी रात्रिकालिन बजार संचालनमा ल्याइनेछ ।

१६८. उर्लाबारी-७ मा समावेशी पार्क निर्माण गरी आन्तरीक पर्यटन पूर्वाधारको प्रवर्द्धन गर्ने नीति

लिइनेछ ।

१६९. नगर क्षेत्रको सरसफाइ व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन केन्द्रको पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ साथै बजारक्षेत्रमा सुविधा सम्पन्न सार्वजनिक शौचालयको निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१७०. नगरक्षेत्रको खेलकुद गतिविधिलाई प्रबर्द्धन गर्न सालबारी खेल मैदानको स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

१७१. उपभोक्ताहरुको प्रत्यक्ष सहभागिता लाभ, साझेदारी र अपनत्व कायम हुने कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिबाट गरिनेछ ।

१७२. दर्तावाला संस्थाबाट योजना सञ्चालनका लागि प्रोत्साहित गर्न टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि, अभिमुखीकरण गरी टोल विकास संस्था मार्फत योजना माग संकलन र योजना संचालन गर्न प्राथमिकता दिइनेछ ।

१७३. मागका आधारमा नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा योजना सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७४. नगर प्रमुख कृषि सडक निर्माणलाई बहुवर्षिय योजनाका रुपमा सञ्चालन गरिनेछ ।

१७५. उपभोक्ता समिति, टोल विकास संस्थाहरु तथा अन्य सामुदायिक संस्थाबाट संचालन हुने आयोजनाहरुमा लागत अनुमानको न्यूनतम १५ प्रतिशत साझेदारी अनिवार्य रुपमा गराइनेछ ।

१७६. यस नगरपालिका क्षेत्रमा संचालन हुने बस तथा अन्य सवारी साधनहरूलाई व्यवस्थापन गरिने तथा सार्वजनिक यातायातको संचालनलाई व्यवस्थित र सेवाग्राहीको सहज पहुँचको सुनिश्चिता गरिनेछ ।

१७७. सार्वजनिक सडकको दाँया बाँया खुला गरी सहज आवत जावतको सुनिश्चिता गर्नुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गर्न सम्वन्धित सुरक्षा निकायसँग समन्वय गरी नियमित रुपमा नगर प्रहरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७८. नगरपालिकाको सडक सञ्जाललाई थप व्यवस्थित गर्न सडक गुरु योजना अधावधिक गरी लागु गरिनेछ ।

१७९. कच्ची सडकहरुको प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने र विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ ।

१८०. नगरपालिकाक्षेत्र भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगिकमैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ । यसका लागि आवश्यक मापदण्ड तर्जुमा गरि लागू गरिनेछ ।

१८१. संघीय सरकारसंग पहल गरी उर्लाबारी नगरपालिका भित्र राजमार्गको उत्तर तर्फबाट वर्षादको समयमा आउने पानीको निकासा हुने व्यवस्था मिलाई ढल तथा पानीको निकास हुने व्यवस्था मिलाइनेछ । साथै अन्य क्षेत्रको ढल निकासलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लगिनेछ ।

१८२. पूर्वाधार निर्माणका कार्य गर्दा सरोकारवाला निकायहरु (जस्तैः विद्युत, खानेपानी, टेलिकम, इन्टरनेट सेवा प्रदायक संस्था) को समन्वयमा गरिनेछ ।

१८३. मदन भण्डारी प्लानेटोरियम निर्माणका लागि संघीय सरकार समक्ष पहल गरिनेछ ।

१८४. दुर्गापुरी बजार स्थित सामुदायिक भवन प्रदेश सरकारको समन्वयमा निर्माण सम्पन्न गरिनेछ ।

१८५. मर्मत सम्भार कोषको क्षमता वृद्धि गर्नका लागि पूँजिगत प्रकृतिका आयोजनाबाट १.५ प्रतिशत कट्टा गरि कोषमा जम्मा गरी परिचालन गरिनेछ ।

## उपक्षेत्र २ भवन, आवास तथा बस्ती विकास

१८६. नगरपालिका स्थापना हुनु अघि निर्माण भइसकेको भवनहरुको अभिलेख व्यवस्थापनका लागि पुरानो घर अभिलेखीकरण (सूचीकृत) कार्यविधि, २०८१ बमोजिम कार्यान्वयन गरिनेछ ।

१८७. नगर क्षेत्र भित्र रोजगार बढाउन नगरका इच्छुक व्यक्तिहरुलाई भवन निर्माण सम्बन्धि डकर्मी तालिमलाई निरन्तरता दिईनेछ ।

१८८. उर्लाबारी नगरपालिकामा जग्गाको विवादहरुको बढ्दो समस्यालाई न्यूनिकरण गर्न नगरपालिकाबाट सरपट नापीको पहल गरिनेछ ।

१८९. घर निर्माण तथा (प्लानिङ) दर्ता जग्गा विकासनक्शा पास तथा कित्ताकाट ग/हाउजिङ निर्माण सम्बन्धि निर्देशिका, २०७९ मा भएको प्राबधान बमोजिम गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

१९०. घरधनी, निर्माणकर्मी र जनप्रतिनिधिहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१९१. इ.बि.पि.एस. (EBPS) प्रणालीलाइ अझै प्रभावकारी बनाउन इ.बि.पि.एस. सफ्टवेयर कस्टमाइजेशन एण्ड एलेक्ट्रोनिक सिग्नेचर (EBPS Software Customization & Electronic Signature) व्यवस्थापन गरिनेछ ।

१९२. घर नक्सा फाइलहरुको व्यवस्थित अभिलेख व्यस्थापनका लागि डिजिटल रेकर्डस (Digital Records) प्रणाली लागु गरिनेछ ।

१९३. विपन्न नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९४. प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक भवन तथा जग्गा संरक्षणका लागि घेराबारा गरी सुरक्षित गरिनेछ ।

१९५. नगरपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रीहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु

सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१९६. सडक अधिकार क्षेत्र भित्र रहेका अव्यवस्थित संरचना र सडक पेटी व्यवस्थापन गरिनेछ ।

## उपक्षेत्र ३ जलश्रोत, जलविद्युत तथा उर्जा

१९७. उज्यालो उर्लाबारी कार्यक्रमलाई निरन्तरता दिदै उपभोक्ताको साझेदारीमा बिद्युतिय सामाग्री खरीद एवम् विद्युत महशुल भुक्तानी गरिनेछ । उपभोक्ताहरुको माग र आवश्यकताका आधारमा नगरका थप बाटोहरुमा सडक बत्ति जडान तथा विस्तार कार्य गर्दै लगिनेछ ।

१९८. वैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१९९. अव्यवस्थित विद्युत पोल र केबलका तारहरु सम्बन्धित निकायसँगको समन्वयमा व्यवस्थित गर्दै लगिनेछ ।

२००. सडक सुरक्षाका लागि मूख्य सडकहरुमा सडक बत्ति तथा बजार क्षेत्रमा सि.सि.क्यामरा विस्तारको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

२०१. विद्युत आपुर्तिको गुणस्तरमा सुधार गर्न सम्वन्धित निकायमा समन्वय गरी गुणस्तर सुधार गरिनेछ ।

२०२. सडक बत्तिको जडान र महसुलमा न्यूनतम ५० प्रतिशत र मर्मतमा २५ प्रतिशत उपभोक्ताको लागत साझेदारी अनिवार्य गराइनेछ ।

## उपक्षेत्र ४ सञ्चार तथा सूचना प्रविधि

२०३. डिजिटल गभरनेन्सको अवधारण अनुरुप पूर्वाधार निर्माणका कार्य गरिनेछ ।

२०४. सूचना तथा संचार र प्रविधिमा नगरपालिका अन्तर्गतका सबै कार्यालयहरु र सामुदायिक विद्यालयको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कन्क्टिभिटी लाई थप व्यवस्थित गरिनेछ ।

२०५. कार्यालयमा संचालनमा रहेका विद्युतीय प्रणालिहरुलाई एकिकृत गरि इन्टिग्रेटेड सिष्टम (Integrated System) को रुपमा विकास गरिनेछ ।

२०६. प्रविधिको स्वचालित प्रयोग तथ्याङ्कको सुरक्षा र प्रभावकारी व्यवस्थापनको लागि क्लाउड वेस सर्भर/डाटा वेसलाई आधार मानि योजना तर्जुमा गर्ने नीति अवलम्वन गरिनेछ ।

२०७. नवीनतम प्रविधिको सुरक्षित र व्यवस्थित प्रयोगका लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. नव-प्रवर्तनको माध्यमबाट सार्वजनिक सेवा प्रवाह र आर्थिक विकासका क्षेत्रमा सुदृढीकरणका लागि अध्ययन गरिनेछ ।

२०९. सार्वजनिक सेवाका स्थलहरु (जस्तैः वडा कार्यालय, बसपार्क, अस्पताल) र पर्यटकीय स्थलहरूमा फ्रि वाइफाई जोन विस्तार गर्ने नीति लिइनेछ ।

## वन तथा वातावरण क्षेत्र

### उपक्षेत्र १ वन, हरियाली, भू-संरक्षण तथा जैविक विविधता

२१०. सार्वजनिक वन क्षेत्र, सडक किनारमा र उपयोग विहिन सार्वजनिक, सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका बिरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२११. सामुदायिक वन उपभोक्ता समूहसँगको साझेदारीमा वन संरक्षण, प्रबर्द्धन र पर्यापर्यटनका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२१२. खानेपानी मुहान तथा स्रोत संरक्षण, पोखरी तथा सिमसार क्षेत्रको सरसफाई कार्यक्रम, संरक्षण र व्यवस्थापन गरिनेछ ।

२१३. बालउद्यान, चिल्ड्रेन पार्क, मनोरञ्जनस्थल भएका स्थानलाई वृद्धि विकास गर्दै लगिनेछ ।

### उपक्षेत्र २ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

२१४. **आफ्नो टोल, आफै सफा राखौं** अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२१५. फोहोरको न्यूनीकरण, वर्गिकरण र पुनः प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।

२१६. जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रबर्द्धन गरिनेछ ।

२१७. प्रशोधन केन्द्र सहितको ठोस तथा तरल फोहोरमैला व्यवस्थापनका लागि आवश्यक अध्ययन गरि पूर्वाधार निर्माण शुरु गरिनेछ । यसका लागि संघीय तथा प्रादेशिक निकाय, निजी क्षेत्र तथा गैससंग सहकार्य गरिनेछ ।

२१८. प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

२१९. अस्पतालजन्य फोहोरमैलालाइ सम्बन्धित हस्पिटल वा स्वास्थ्य संस्थाहरुवाटै ब्यबस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२०. नगरको सौन्दर्यतालाई कायम राख्न सडक पेटी, पसल, घर अगाडी निर्माण सामग्री, ग्यास र अन्य सामग्री नराख्ने व्यवस्था कार्यान्वयनका लागि नियमन गरिनेछ ।

२२१. नगरपालिका स्थित शहर/बस्तीका ढल सफा गर्ने, खोलानालामा अत्याधिक थुप्रिएका गेग्रान हटाउने, पानिका निकास खोल्ने लगायतका पूर्व तयारीका कार्य गरिनेछ ।

## उपक्षेत्र ३ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन

२२२. विपद्बाट हुने जोखिम न्यूनिकरणका लागि संघीय सरकारको सहकार्यमा आपतकालिन आस्रयस्थल सेल्टर हाउस (Shelter House) निर्माण गरिनेछ ।

२२३. बक्राहा, मावा, सोल्टी, रतुवा, मिक्लु, राम्री, सुकेहोली, रातेहोली, सुनझोडा, लगायतका नदीहरुबाट हुने कटान नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारको समन्वयमा तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ साथै विपद् जोखिम न्यूनिकरणका लागि पैनीहरुको व्यवस्थापन गरिनेछ ।

२२४. नगरपालिकामा सम्भाव्य जोखिमस्थल पहिचान गरी जि.पि.एस. लोकेशन (GPS Location), विपद् जोखिमको प्रकार सहितको विवरण तयार गरी दुरुस्त राखिनेछ ।

२२५. स्थानीय पाठ्यक्रममा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विषय समावेश गरी पूर्व तयारी र प्रतिकार्य क्षमता विकास गर्दै जोखिम न्यूनिकरण गर्न हरेक विद्यालयमा नियमितरुपमा कृत्रिम घटना अभ्यास लगायतका क्रियाकलाप गरिनेछ ।

२२६. सुरक्षा निकाय, नगरपालिका भित्र क्रियाशिल संघ संस्था, नागरिक समाज, सञ्चार जगत लगायतसंग समन्वय गरी स्थानीय समुदायलाई विपद् बारे जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न नियमितरुपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२२७. स्थानीय अनुकुलन कार्ययोजना अनुरुप अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ ।

२२८. बाटो, सिचाई, ढल निकास जस्ता भौतिक पूर्वाधारका योजना बनाउँदा भू–क्षय नहुने, सामुदायिक वन अतिक्रमण नहुने, पानीको मुहान एवम् वन, वातावरणमा प्रतिकूल असर नपर्ने गरी योजना कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२२९. विपद् प्रतिकार्य योजना र विपद् संवेदनशिल भूउपयोग योजना बमोजिम विपद् जोखिम न्यूनिकरणका कार्यहरु गरिनेछ ।

२३०. विपद् जोखिम न्यूनिकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापनमा नजिकको समुदाय तत्काल परिचालन गर्न तालिम प्राप्त स्वयम्सेवक तयार गरिदै लगिनेछ ।

२३१. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पश्चातको अवस्थालाई व्यस्थापन गर्न गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२३२. पेट्रोलपम्पलाई तालिम प्राप्त अग्निनियन्त्रक / सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

२३३. बाँसेचौरी, लामपाते, बेतिनी, बुढाठाकुर सिमसार, महाराजथान क्षेत्र र धिमाल जाति विकास केन्द्र जस्ता पर्यटकीय, धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रमा हुने खोला कटानलाई नियन्त्रणको कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. आपतकालिन कार्यसञ्चालन केन्द्रको क्षमता विकास गर्दै लगिनेछ ।

२३५. नदीजन्य पदार्थको उत्खनन्, संकलनलाई नियमित र नियन्त्रित गरिनेछ र अनुगमनलाई प्रविधिमैत्री बनाईनेछ ।

२३६. पूर्वाधार निर्माणलाई वातावरण संरक्षण, विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन व्यवस्थापन संग आवद्ध गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास क्षेत्र

### उपक्षेत्र १ नीति, कानून, न्याय तथा सुशासन

२३७. नगरको विकास निर्माण तथा सेवा प्रवाहमा मितव्ययियिता, पारदर्शिता, वित्तिय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चितता गरिनेछ । छोटो संचार माध्यम तथा विद्युतिय सूचना प्रणाली मार्फत नगरपालिका तथा मातहतका कार्यालयहरुका महत्वपूर्ण सूचना तथा जानकारीहरु सार्वजनिक गरिनेछ ।

२३८. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सर्भेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२३९. संस्थागत स्मरणका लागि नगरपालिका भित्र डिजिटल अभिलेखालय स्थापना गरिनेछ ।

२४०. नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुनिश्चित गरिनेछ ।

२४१. न्यायिक समितिको उजुरी दर्तादेखि निर्णय कार्यान्वयनसम्मको प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गर्न ई-ज्युडिसियल म्यानेजमेन्ट सिष्टम ( "E-Judicial Management System" ) लागू गरिनेछ ।

२४२. नयाँ मेलमिलापकर्ता उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

२४३. "छिटो, छरितो र निष्पक्ष न्याय: स्थानीय सरकारको मुख्य ध्येय" भन्ने अभियानका साथ न्यायिक सचेतिकरण अभियान सञ्चालन गरिनेछ ।

२४४. असहाय, विपन्न र पिछडिएको वर्गका लागि नि:शुल्क कानुनी परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ।

२४५. न्यायिक समितिको निर्णय कार्यान्वयन गर्न मौजुदा कानून र आवश्यकताका आधारमा थप कानूनको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२४६. नगरपालिकाको मौजुदा कानूनहरुलाई अध्ययन गरी आवश्यकता र समायानुकल संसोधन गरी कानून संग्रहको रुपमा प्रकाशित गरिनेछ ।

२४७. व्यक्ती र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारीक रुपमा प्रभावकारी बनाउदै लगिनेछ ।

## उपक्षेत्र २ शान्ति सुरक्षा सुव्यवस्थापन

२४८. प्राकृतिक स्रोतको दोहन नियमन, चोरी डकैती तथा सामाजिक अपराध न्यूनीकरण गर्नका लागि सडक, चोकहरू, वडा कार्यालय, सामुदायिक विद्यालयमा सि.सि.टि.भी क्यामेरा (CCTV Camera) जडान गर्ने र सडक वत्ती व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२४९. नेपाल प्रहरी वा अन्य सरोकारवाला निकायको समन्वयमा सडक सुरक्षा तथा सामाजिक अपराध न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## उपक्षेत्र ३ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

२५०. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास योजना तयार गरी सेवा र समूह अनुसारको क्षमता अभिवृद्धिका तालिमहरु सञ्चालन गरिनेछ ।

२५१. सामाजिक सुरक्षा कोषमा आबद्ध करार सेवाका कर्मचारीहरुको सामाजिक सुरक्षालाई निरन्तरता दिइनेछ ।

२५२. सेवा प्रवाहमा समर्पित कर्मचारी तथा शिक्षकहरुको मनोवललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी क्षमता विकास योजनामा आधारित तालिम तथा कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

२५३. नागरिक सहायता तथा स्तनपान कक्षको व्यवस्था, ज्येष्ठ नागरिक, असहाय, बिरामी, अपाङ्गता, अशक्तलाई सेवा पहुँचमा सहयोग पुर्याउने व्यवस्था मिलाइनेछ ।

२५४. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी ई-गभरनेन्सलाई निरन्तरता दिइनेछ ।

२५५. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा नागरिक वडापत्र व्यवस्थापन र नियमित अध्यावधिक गरिदै लगिनेछ ।

२५६. कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइदै आइएको खाजा खर्चलाई कार्यसम्पादनका आधारमा निरन्तरता दिइनेछ ।

२५७. अफिस अटोमेशन सिष्टम प्रणालीलाई परिष्कृत गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र सुशासनयुक्त बनाइनेछ ।

२५८. सूचना प्रणालीलाई ब्यवस्थित तथा छिटोछरीतो जनतासम्म सूचनाको सहज पहुँच पुऱ्याउनको लागी सामाजिक सञ्जालको प्रयोगलाई बढावा दिईनेछ साथै वेब साईट नियमित अपडेट गरिनेछ ।

२५९. लोकल सर्भर (Local Server) को क्षमता अभिवृद्धि गरी वैकल्पिक स्टोरेजको समेत व्यवस्थापन गरिनेछ ।

२६०. विद्युतीय उपकरणहरुको सुरक्षाको व्यवस्थापन मिलाईनेछ ।

२६१. वित्तीय अनुशासन कायम गर्ने र आर्थिक स्रोतको परिचालनमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता प्रबर्द्धन गरिनेछ । महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई प्राथमिकतासाथ सम्पादन गरिनेछ ।

२६२. निश्चित क्षेत्रको सिकाइका लागि वाहेक गरिने अवलोकन भ्रमणलाई निरुत्साहित गरिनेछ ।

२६३. विकासका विविध पक्षमा अन्तर तह तथा बहुस्तरीय समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

## उपक्षेत्र ४ राजश्व तथा आन्तरिक श्रोत परिचालन

२६४. राजश्व नीति तथा प्रशासन सम्बन्धी राजश्व सुधार कार्ययोजनालाई अध्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२६५. आन्तरिक स्रोत अभिवृद्धिका लागि नगरभित्र रहेका सम्भाव्य स्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई वस्तुगत बनाईनेछ ।

२६६. नगरपालिका क्षेत्र भित्र बसोबास तथा व्यवसाय गरिरहेका सबैलाई करको दायरामा ल्याई करको दायरा विस्तार गर्ने नीति लिइने छ । प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू विच रहेको असमानता न्यूनीकरण गर्दै लैजाने नीति लिइनेछ ।

२६७. स्थानीय करलाई सेवा प्रवाहसँग जोडेर करचुक्ताको यकिन गरेर मात्र सेवा दिने व्यवस्था मिलाईनेछ ।

२६८. पूर्वाधार सेवाको उपयोगमा लाग्ने करलाई भूमिकर र सम्पत्ति करसँग तादाम्यता गरी कर निर्धारण गर्ने व्यवस्था मिलाईनेछ ।

२६९. डिजिटल कर संकलन तथा ई-पेमेन्ट प्रणालीलाई थप परिष्कृत बनाई प्रविधिमा आधारित बनाइनेछ ।

२७०. नगरपालिकाको आन्तरिक श्रोतको संकलन र सोबाट हुने खर्चको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ ।

२७१. "म तिर्छु कर, बनाउछु उर्लाबारी नगर" कर सचेतना अभियानलाई निरन्तरता दिईनेछ ।

२७२. सरोकारवाला निकायहरुको समन्वयमा कर साक्षरता, सचेतनाका कार्य गरिनेछ ।

२७३. करदातालाई समयमै कर तिर्न प्रोत्साहन गर्नका लागि छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२७४. नियमितरुपमा कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।

२७५. एकल महिला, फरक क्षमता भएका व्यक्तिहरु र सरकारले तोकेको ८ प्रकारका कडा रोग भएका व्यक्तिबाट सञ्चालित व्यवसायमा लाग्ने व्यवसाय करमा छुटको व्यवस्था गरिनेछ ।

२७६. वडा तथा नगर कार्यपालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको त्रैमासिक अनुगमन गरि प्रतिवेदन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

२७७. चालु आर्थिक बर्ष भन्दा ५ आर्थिक बर्ष अघि कायम भएको धरौटी मौज्दात रकम मध्ये प्रयोजन सकिएका धरौटीहरुलाई सार्वजनिक सूचना मार्फत फिर्ता लिन आह्वान गर्ने र उक्त अवधिमा पनि फिर्ता हुन नसकेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम बमोजिम सदरस्याहा गरिनेछ ।

## उपक्षेत्र ५ तथ्यांक प्रणाली, योजना र विकास व्यवस्थापन

२७८. विकास योजना सम्वन्धी खर्च गर्दा योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार एवम् स्वीकृत भएको सुनिश्चित गर्न चेकलिष्ट तयार गरी रुजु गर्ने व्यवस्था गरिनेछ ।

२७९. कार्यालयको खप्ने जिन्सी सामानहरुको लगत अध्यावधिक गरिनेछ र मर्मत सम्भार गर्नुपर्ने अवस्थाका सामानहरुको मर्मत गरि सञ्चालन गरिनेछ ।

२८०. कार्यालयमा अन्यत्रबाट प्राप्त भएका तथा खरिद गरिएका सम्पूर्ण खप्ने जिन्सी सामानहरुको निगरानी तथा ट्र्याकिङ्ग गर्ने उद्देश्यले सम्पत्ति व्यवस्थापन प्रणाली सफ्टवेयरबाट जेनेरेट हुने युनिक कोडिङ्ग अनुसार अभिलेख राखि सबै वडा कार्यालय तथा शाखा/उपशाखाका कर्मचारीहरुको जिम्मेवारीमा रहेको सम्पत्तिहरुको विवरणको अध्यावधिक कार्यलाई निरन्तरता दिइनेछ ।

२८१. प्रत्येक आर्थिक बर्षमा जिन्सी निरीक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा व्यवस्थापन गरिदै लगिनेछ ।

२८२. योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउदै लगिनेछ ।

२८३. नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाहरुलाई नगर योजना बैंक बनाई अध्यावधिक गरिदै लगिनेछ ।

२८४. नगरपालिकाको एकिकृत तंथ्याकलाई अध्यावधिक गरिदै लगिनेछ ।

*अन्त्यमा,*

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारीको दुरदृष्टिलाई साकार पार्न मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिइएको छ । नगर सभाको सोहौं अधिवेशनमा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउनु हुने नगर सभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु, सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी महानुभावहरुमा हार्दिक धन्यबाद दिन चाहन्छु । साथै आगामी दिनहरुमा पनि यहाँहरुको सक्रिय सहभागिता, सहयोग र सहकार्यको अपेक्षा समेत गर्दछु ।